लुम्बिनी प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

(कर्मचारी प्रशासन तथा PIS शाखा)

फोन: ०८२-५९०४१६
वेबसाइट: ocmcm.lumbini.gov.np
इमेल: info.ocmcm@lumbini.gov.np

पत्र संख्या: २०८३।०८४
चलानी नं.: क.प्र./७७

मिति: २०८३/०४/१५

**विषय: आर्थिक वर्ष २०८२/०८३ को सम्पत्ति विवरण बुझाउने सम्बन्धमा।**

श्री मन्त्रालय/आयोग/सचिवालय/प्राधिकरण/प्रतिष्ठान/निकायहरू (सबै),
श्री जिल्ला समन्वय समिति/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिकाहरू (सबै),
लुम्बिनी प्रदेश।

प्रस्तुत विषयमा राष्ट्रिय किताबखाना (निजामती) को मिति २०८३/०३/२४ तथा राष्ट्रिय सतर्कता केन्द्रको मिति २०८३/०४/०१ गतेको सम्पत्ति विवरण बुझाउने सम्बन्धी सूचना पाना थान ३ यसै पत्रसाथ संलग्न राखी पठाइएको छ। विस्तृत विवरण उल्लिखित सूचनाहरूबाटै अवगत गरी तहाँ मन्त्रालय/आयोग/सचिवालय/प्राधिकरण/ प्रतिष्ठान/निकाय तथा स्थानीय तह र अन्तर्गतका कार्यालयमा कार्यरत पदाधिकारी तथा कर्मचारीहरूले बुझाउनु पर्ने सम्पत्ति विवरण सम्बन्धित व्यक्तिबाट भराई ९x४ इन्चको बन्दी खामहरू र सो सम्बन्धी विवरण (निजामती कर्मचारीले सङ्केत नम्बर/निजामती बाहेकका अन्य कर्मचारी र जनप्रतिनिधिले स्थायी लेखा नम्बर, नाम थर, पद, मोबाइल नम्बर, सेवा/समूह, श्रेणी/तह, कार्यरत कार्यालय, इमेल ठेगाना) खाममा उल्लेख गरी तपसिल बमोजिमका निकायहरूमा बुझाउनु हुन निर्णयानुसार अनुरोध छ।

**तपसिल**

१. साविकमा सरकारी सेवामा रही प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरू (प्रदेश कानुनबमोजिम बढुवा, तहवृद्धि तथा नियुक्ति भएका र नभएका सबै) ले २०८३ साल भदौ २९ गतेभित्र राष्ट्रिय किताबखानामा नै सम्पत्ति विवरण बुझाउनु पर्नेछ।

२. प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई यस कार्यालयबाट कर्मचारी सङ्केत नम्बर प्राप्त गरेका प्रदेश निजामती सेवा र स्थानीय निजामती सेवाका (लोक सेवा आयोगबाट आर्थिक वर्ष २०७५/०७६ मा भएका विज्ञापनअनुसार सिफारिस भई स्थानीय सेवामा नियुक्ति भएका समेत) कर्मचारीहरूले सोझै वा आफू कार्यरत कार्यालय मार्फत २०८३ साल भदौ २९ गतेभित्र यस कार्यालयमा सम्पत्ति विवरण बुझाउनु पर्नेछ ।

३. पदाधिकारी/जनप्रतिनिधि, अन्य सेवाको पदबाट समायोजन भएका कर्मचारी, अस्थायी तथा सेवा करारका कर्मचारी र अस्थायी शिक्षकहरूले सम्बन्धित मन्त्रालय/आयोग/सचिवालय/प्राधिकरण/प्रतिष्ठान/निकाय/ जिल्ला समन्वय समिति/नगरपालिका/गाउँपालिका मार्फत २०८३ साल भदौ २९ गतेभित्र राष्ट्रिय सतर्कता केन्द्रद्वारा सञ्चालित अनलाइन सम्पत्ति विवरण दर्ता प्रणालीमा प्रविष्टि गरी २०८३ साल असोज २८ गतेभित्र सफ्टकपी (Excel Sheet) र हार्डकपी (Printed) सहितको विवरण क्रमबद्ध रुपमा राखी यस कार्यालयमा बुझाउनु पर्नेछ।

४. प्रदेश लोक सेवा आयोगको सिफारिसअनुसार नियुक्ति भई वैयक्तिक विवरण (सिटरोल) दर्ता नगराएका कर्मचारीहरूले दस दिनभित्र अनिवार्य रुपमा सिटरोल दर्ता गराई कर्मचारी सङ्केत नम्बर लिनु पर्नेछ। यसअघि सरकारी सेवामा कार्यरत रही पुनः लुम्बिनी प्रदेश लोक सेवा आयोगको विज्ञापनबाट सिफारिस भई नियुक्ति भएका कर्मचारीले समेत दस दिनभित्र पछिल्लो नियुक्तिको सेवा विवरण अद्यावधिक गराउनु पर्नेछ। साथै माथि उल्लेख भएअनुसार सम्पत्ति विवरण बुझाउनु पर्नेछ ।

२०८३/०४/१५
(नवराज उपाध्याय गौतम)
वरिष्ठ अधिकृत (सामान्य प्रशासन)

दर्ता ....२०८ ९८६.....
मिति: ....२०८३/०४/२२

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
राष्ट्रिय किताबखाना (निजामती)
हरिहरभवन, ललितपुर

## आ.व. २०८२/८३ को सम्पत्ति विवरण बुझाउने सम्बन्धी अत्यन्त जरुरी सूचना

सूचना प्रकाशित मिति २०८३/०३/२४

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१'क' को उपदफा (१) र निजामती सेवा नियमावली, २०५० को नियम ११८(१) बमोजिम प्रत्येक निजामती कर्मचारी र आ.व.२०८२।८३ मा सेवा निवृत्त भएका कर्मचारीले समेत आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र आफ्नो सम्पत्ति विवरण सम्बन्धित कार्यालय मार्फत राष्ट्रिय किताबखाना (निजामती) मा दर्ता गर्नुपर्ने र सम्पत्ति विवरण बुझाउने दायित्व सम्बन्धित कर्मचारीको हुनेछ भन्ने व्यवस्था भएकोले कानूनले तोकेको समय सिमाभित्र सम्पत्ति विवरण बुझाउन सबै निजामती कर्मचारीलाई अनुरोध गरिन्छ।

(१) नेपाल राजपत्र भाग ५ खण्ड ६० संख्या १ मिति २०६७ बैशाख ६ को नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना बमोजिम सम्पत्ति विवरण फाराम भरी ४×९ ईन्चको खाम बाहिर देहायको ढाँचामा विवरण उल्लेख गरी पठाउनु पर्नेछ ।

**आ.व. २०८२/८३ को सम्पत्ति विवरण**

| | |
|---|---|
| क. कर्मचारीको संकेत नम्बर: | ङ. श्रेणी/तह: |
| ख. नाम, थर: | च. कार्यरत कार्यालय: |
| ग. पद/दर्जा: | छ. मोबाइल नं. |
| घ. सेवा/समूह: | ज. ई–मेल ठेगाना: |
| नोट: साविकको पद र संकेत नं (दुई वा सो भन्दा बढी क.स.नं भएको हकमा): | |

(२) सम्पत्ति विवरण बुझाउँदा नेपाल राजपत्र, खण्ड ६८, असार २०, २०७५ (अतिरिक्ताङ्क ११) भाग ५, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचनामा तोके बमोजिम तत् तत् निकायका पदाधिकारी/कर्मचारीहरुले सोही सूचनामा तोकेको तत् तत् निकायमा सम्पत्ति विवरण बुझाउनु पर्नेछ ।

(३) साबिकमा सरकारी सेवामा कार्यरत रही कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम संघ, प्रदेश र स्थानीय तहमा समायोजन भएका सरकारी कर्मचारीहरुले साबिक बमोजिम नै राष्ट्रिय किताबखाना (निजामती) मा नै सम्पत्ति विवरण बुझाउनु पर्नेछ ।

(४) लोक सेवा आयोगबाट आ.व. २०७५/७६ मा भएको विज्ञापन वा सो भन्दा पछि भएको विज्ञापन अनुसार सिफारिस भई स्थानीय तहहरुमा नियुक्ति भएका कर्मचारीहरुले स्थानीय तह मार्फत प्रदेश मुख्यमन्त्रीको कार्यालयमा सम्पत्ति विवरण बुझाउनु पर्नेछ ।

(५) कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश तथा स्थानीय तहमा समायोजन भएका अन्य सेवाका कर्मचारीहरुले– कर्मचारी संकेत नम्बर प्राप्त गरेका वा संकेत नम्बर प्राप्त नगरेको भएता पनि आफू कार्यरत कार्यालय मार्फत प्रदेश मुख्यमन्त्रीको कार्यालयमा सम्पत्ति विवरण बुझाउनु पर्नेछ ।

(६) बुँदा नं. २,४ र ५ बमोजिम जिल्ला समन्वय समिति, गाउँपालिका,, नगरपालिका, प्रदेश सरकारका मन्त्रालयहरुमा बुझाएका सम्पत्ति विवरणहरुको अभिलेख तत् तत् निकायले राखि सम्पत्ति विवरण बन्दी खामहरु ३० दिन भित्र प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरी सक्नुपर्ने र प्रदेश सरकारले संरक्षण एवं व्यवस्थापन ,गर्नुपर्ने छ भन्ने व्यवस्था बमोजिम सम्पत्ति विवरण संकलन र दर्ता गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(७) अध्ययन,असाधारण र अन्य बिदा, तालिम, काज वा निलम्बनमा रहेका कर्मचारीले समेत सार्वजनिक पद धारण गरेकै अवस्था हुने भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५०(१) बमोजिम आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र सम्पत्ति विवरण बुझाउनु पर्नेछ । तर भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ५० को उपदफा (२) को विशेष कारण परेमा सो उल्लेख गरी कार्यालयको सिफारिस सहित निवेदन दिएमा थप ३० दिन भित्र म्याद थपका साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (२क) बमोजिम सम्पत्ति विवरण दर्ता गर्न सकिनेछ ।

(८) निजामती सेवा नियमावली, २०५० को नियम ११८(१) बमोजिम सम्पत्ति विवरण सम्बन्धित कार्यालय मार्फत निजामती किताबखानामा पेश गर्नु पर्नेछ भन्ने व्यवस्था भएकोले सम्पत्ति विवरण दर्ता गर्न व्यक्ति स्वयम् (व्यक्तिगत रुपमा) सम्पत्ति विवरण बुझाउन राष्ट्रिय किताबखाना (निजामती) जानु नपर्ने गरी आफू कार्यरत कार्यालयमा यथाशिघ्र बुझ्ने बुझाउने व्यवस्था गरी सम्बन्धित कार्यालयबाटै एकमुष्ट रुपमा २०८३ साल साउन १ गते देखि ऐ. साल भाद्र २९ गते भित्र नै अनिवार्य रुपमा राष्ट्रिय किताबखाना (निजामती) मा प्राप्त हुनेगरी छिटो माध्यमबाट पठाउनु पर्नेछ ।

(९) हुलाक वा अन्य माध्यम मार्फत् तोकिएको अवधिभित्र राष्ट्रिय किताबखाना (निजामती) मा प्राप्त भएको सम्पत्ति विवरणहरु PIS मा प्रविष्टि गरी अभिलेख राखिनेछ । तर तोकिएको ६० दिन पछि प्राप्त भएको सम्पत्ति विवरणलाई प्राप्त नभए सरह मानी अभिलेख राखिने छैन र तोकिएको म्यादभित्र सम्पत्ति विवरण पेश नगर्ने राष्ट्रसेवकलाई १०,००० (दश हजार) जरीवाना हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

*नोट:-सूचनाको बुदा नं.२ बमोजिमको राजपत्र यसै विभागको website मा upload गरीएकोले हेर्न र पढ्न सकिनेछ ।*

२०८३/३/२२

महानिर्देशक

नेपाल सरकार
राष्ट्रिय सतर्कता केन्द्र
सिंहदरबार, काठमाडौं

फोन नं.०१-४२००४१२, ४२००५४९
हटलाइन : ४२००३४५
वेबपेज : www.nvc.gov.np
वेबपेज (सम्पत्ति विवरण) : bibaran.nvc.gov.np

## आ.व.२०८२/८३ को सम्पत्ति विवरण बुझाउने र केन्द्रलाई अनलाइन सफ्टवेयर मार्फत् जानकारी दिने सम्बन्धी अत्यन्त जरुरी सूचना

(निजामती, स्थायी शिक्षक, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपाल बाहेकका पदाधिकारी/कर्मचारीहरू)

(प्रकाशन मिति : मिति २०८३/०४/०१ गते)

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) मा सो ऐनको "दफा २ को खण्ड (ग) को उपखण्ड (१), (२), (३), (४), (५), (६) वा (९) बमोजिमका सार्वजनिक संस्थाको कुनै पदमा बहाल रहेका व्यक्ति वा सोही दफाको खण्ड (घ) को उपखण्ड (१), (२), (३) वा (४) बमोजिमका राष्ट्रसेवकले त्यस्तो पद धारण गरेको मितिले र यो दफा प्रारम्भ हुँदाका बखत सार्वजनिक पदमा बहाल रहेका व्यक्तिले यो ऐन प्रारम्भ भएको मितिले साठी दिनभित्र र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय वा अधिकारी समक्ष पेश गर्नुपर्नेछ" भन्ने व्यवस्था भएको हुँदा सार्वजनिक पद धारण गरेका व्यक्ति तथा राष्ट्रसेवकले आ.व.२०८२/८३ को सम्पत्ति विवरण नेपाल सरकारले नेपाल राजपत्र भाग ५ खण्ड ६८, आषाढ २० गते २०७५ साल (अतिरिक्ताङ्क ११) मा तोकेको निकाय वा अधिकारी समक्ष तोकिएको ढाँचामा भरी बुझाई देहाय अनुसार हुन अनुरोध छ :-

क) ऐन बमोजिम सम्पत्ति विवरण बुझाउनुपर्ने व्यक्ति तथा राष्ट्रसेवकले आ.व.२०८२/८३ को सम्पत्ति विवरण मिति २०८३/०४/०१ गतेदेखि मिति २०८३/०५/२९ गतेभित्र तोकिएको निकायमा प्राप्त हुनेगरी बुझाउनु पर्नेछ। यसरी प्राप्त सम्पत्ति विवरणसम्बन्धी तथ्याङ्क सम्बन्धित निकायले अनिवार्य रूपमा केन्द्रद्वारा सञ्चालित अनलाइन सफ्टवेयरमा प्रविष्ट गर्नुपर्नेछ। कानुन बमोजिमको विशेष परिस्थितिको अवस्था बाहेक उक्त मितिभन्दा पछि प्राप्त सम्पत्ति विवरणलाई नबुझाएको सरह मानी अनलाइन सफ्टवेयरमा प्रविष्ट गर्नुपर्नेछ।

ख) आ.व.२०८२/८३ मा नयाँ मनोनयन/नियुक्ति भई ऐन बमोजिम सम्पत्ति विवरण बुझाउनुपर्ने व्यक्ति तथा राष्ट्रसेवकले उक्त पद धारण गरेको मितिले साठी दिनभित्र सम्पत्ति विवरण बुझाउनु पर्दछ। यसरी प्राप्त सम्पत्ति विवरणसम्बन्धी तथ्याङ्क सम्बन्धित निकायले अनिवार्य रूपमा केन्द्रद्वारा सञ्चालित अनलाइन सफ्टवेयरको सुरू नियुक्ति सम्पत्ति विवरण भन्ने कोलममा गई प्रविष्ट गर्नुपर्नेछ।

ग) आ.व.२०८१/८२ को सम्पत्ति विवरण नबुझाई सम्मानित अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट पत्र लेखी आएका व्यक्ति तथा राष्ट्रसेवकले दश हजार रुपियाँ (रु.१००००।-) जरिमाना तिरी तोकिएको निकायमा उक्त आ.व.को समेत सम्पत्ति विवरण बुझाउनु पर्नेछ । यसरी प्राप्त सम्पत्ति विवरणसम्बन्धी तथ्याङ्क सम्बन्धित निकायले अनिवार्य रूपमा केन्द्रद्वारा सञ्चालित अनलाइन सफ्टवेयरको जरिमाना तिरी सम्पत्ति विवरण भन्ने कोलममा गई प्रविष्ट गर्नुपर्नेछ।

SUCHANA: SAMPATIBIBARAN 2077/78:EDRIVE:RPACHARYAs

CamScanner

फोन नं.०१-४२००४१२, ४२००५४९
हटलाइन : ४२००३४५
वेवपेज : www.nvc.gov.np
वेवपेज (सम्पत्ति विवरण) : bibaran.nvc.gov.np

नेपाल सरकार
# राष्ट्रिय सतर्कता केन्द्र
सिंहदरबार, काठमाडौं

घ) संघीय एवं प्रदेश तहमा ऐन बमोजिम सम्पत्ति विवरण बुझाउनुपर्ने व्यक्ति तथा राष्ट्रसेवकले सम्पत्ति विवरण बुझाए/नबुझाएको **Hardcopy** र **Softcopy** सहितको अभिलेखको जानकारी सम्पत्ति विवरण राखेको निकायले सम्पत्ति विवरण बुझाउन तोकेको **अन्तिम म्याद सकेको दुई महिनाभित्र अनिवार्य रुपमा राष्ट्रिय सतर्कता केन्द्रमा छिटो साधनद्धारा उपलब्ध गराउनु पर्नेछ।**

ङ) जिल्ला समन्वय समिति, गाउँपालिका, नगरपालिकामा पेश भएका सम्पत्ति विवरणहरूको अभिलेख तत् तत् निकायले राखी सो को विवरण केन्द्रद्वारा सञ्चालित अनलाइन सफ्टवेयरमा इन्ट्री गर्ने र सम्पत्ति विवरणका बन्दी खामहरू सम्पत्ति विवरण बुझाउन तोकेको अन्तिम म्याद सकेको तीस दिनभित्र अनिवार्य रुपमा सम्वन्धित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुझाउनु पर्नेछ र सम्वन्धित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले ऐन बमोजिम सम्पत्ति विवरण बुझाउनुपर्ने व्यक्ति तथा राष्ट्रसेवकले सम्पत्ति विवरण बुझाए/नबुझाएको **Hardcopy** र **Softcopy** सहितको अभिलेखको जानकारी **सम्पत्ति विवरण बुझाउन तोकेको अन्तिम म्याद सकेको दुई महिनाभित्र अनिवार्य रुपमा राष्ट्रिय सतर्कता केन्द्रमा छिटो साधनद्धारा उपलब्ध गराउनु पर्नेछ।** साथै त्यस्ता सम्पत्ति विवरण प्रदेश सरकारले संरक्षण र व्यवस्थापन गर्नुपर्नेछ।

च) ऐन बमोजिम सम्पत्ति विवरण बुझाउनुपर्ने व्यक्ति तथा राष्ट्रसेवकले बुझाउनु पर्ने सम्पत्ति विवरण समयमै बुझाउन लगाउने, बुझाएका सम्पत्ति विवरण तोकिएको निकायमा तोकिएको समय सिमाभित्र पुगिसक्ने गरी पठाउने र नबुझाउने व्यक्ति तथा राष्ट्रसेवकको विवरण (नाम, पद र कार्यरत कार्यालयसहितको सम्पर्क गर्न सकिने ठेगाना) उपलब्ध गराउने जिम्मेवारी र कर्तव्य सम्वन्धित निकायको प्रमुखको हुनेछ।

माथि उल्लिखित राजपत्र एवं अन्य सम्बन्धित सूचना केन्द्रको वेवसाइट **www.nvc.gov.np** मा राखिएको छ । ऐन बमोजिम सम्पत्ति विवरण बुझाउनुपर्ने व्यक्ति तथा राष्ट्रसेवकले तोकिएको समयभित्र सम्पत्ति विवरण नबुझाएमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (३) बमोजिम कारवाहीका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा लेखी पठाइने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।



CamScanner